# CSE Innovation Fund को निर्देशिका

## १ . परिचय

बृहत यौनिकता शिक्षा एक 'विकास गुडक' हो जसले किशोरकिशोरीहरु र युवाहरुलाई स्वास्थ्यको बारेमा सहि निर्णयहरू गर्न ज्ञान, दृष्टिकोण र सीप प्रदान गर्दछ, । यसको साथै सामाजिक,सांस्कृतिक र राजनीतिक मूल्यमान्यताहरूमा सकारात्मक परिवर्तन गर्दछ । राम्रो गुणस्तरको यौनिकता शिक्षाले लैंगिक र मानव अधिकारलाई अर्थपूर्ण तरिकामा एकीकृत गर्छ, । युवाहरुलाई अनावश्यक यौन गतिविधि गर्न, गर्भधारण र यौन संक्रमणलाई प्रोत्साहन गर्दैन । बृहत यौनिकता शिक्षाले युवाहरुmमा सोच, सञ्चार र निर्णय लिने जस्ता सीपहरू बृद्धि गर्दै, उनीहरूलाई आफ्नो उत्तरदायित्व लिन र स्वस्थ, जिम्मेवार नागरिक बन्न सहयोग र प्रोत्साहित गर्दछ ।

## २. CSE Innovation Fund भनेको के हो ?

UNFPA को आर्थिक र प्राविधिक सहयोगमा मेरी स्टोप्स् इन्टरनेस्सलको साझेदारी संस्था सुनौलो परिवार नेपालले विद्मालयमा र विद्मालय बाहिर रहेका किशोरकिशोरीलाई र युवाहरुलाई संलग्न र परिचालन गर्नको लागि बृहत यौनिकता शिक्षा कोष लिएर आइरहेको छ । यस कोषको उदेश्य भन्नु नै यौनिकता, स्वास्थ्य र अधिकारहरूमा जागरूकता बढाउँदै बृहत यौनिकता शिक्षाको आवश्यकता र महत्त्वको बारेमा किशोरकिशोरी र युवाहरुलाई जानकारी गराउनु हो ।
यस कोषले लक्षित समूहहरूको नेतृत्व बढाउन सहयोग गर्दछ र समुदाय स्तरमा लैङ्खिक हिंसा रोक्न र लैङ्खिक समानताका लागि काम गर्न सक्षम बनाउछ । बृहत यौनिकता शिक्षा कोष वयस्क, र युवा समूहलाई एक बीउ पैसाको रूपमा प्रदान गरिने छ । हामी बृहत यौनिकता शिक्षा कोष त्यस्ता संस्था ,क्लव वा आमा समुहलार्इ प्रदान गर्दछौं जसले किशोरकिशोरी, युवाहरु अभिभावक र समुदायमा परिवर्तनका लागि काम गर्ने व्यक्तिहरुलाई संलग्न गराएर नवीन विचार र रचनात्मक दृष्टिकोण प्रस्तुत गर्दछन् ।
हामी यस कोषलाई ६ वटा जिल्ला (**बझाङ्**, **बैतडी**, **रुकुम पूर्व**, **उदयपुर**, **कपिलवस्तु** र**अछाम** ) मा लागू गर्नेछौं।

## ३. बृहत यौनिकता शिक्षा कोषको उदेश्य

- साथी शिक्षकहरु र किशोर किशोरीलाई समुदायिक काममा संलग्न गराएर उनीहरुको नेतृत्व विकास गर्ने ।

- ड्साथी शिक्षक लगायत अन्य किशोर किशोरी र युवा साथै शिक्षाको मुलप्रवाहबाट वञ्चितिकरणमा पारिएका किशोरकिशोरीहरुलाई बृहत यौनिकता शिक्षाको बारेमा जानकारी र संलग्न गराउन साझा मंच सिर्जना गर्न ।
- ड्बृहत यौनिकता शिक्षाको महत्वको बारेमा समुदाय स्तरमा सुसुचित गराउने ।

**४. अपेक्षित परिणाम**

- ड्किशोर किशोरी र युवाहरुको नेतृत्व विकास गर्दै बृहत यौनिकता शिक्षाको बारेमा समुदायमा सुसुचित गराउने
- ड्समुदायमा परिवर्तनकारी भुमिका खेल्ने व्यक्ति लगायत अन्य स्थानिय सरोकारवालाहरुको सहयोग मार्फत विद्यालयमा र विद्यालय बाहिर  बृहत यौनिकता शिक्षा सिकाउने वातावरणको सिर्जना गर्ने ।
- ड्अपाङ्खता भएका व्यक्ति, लैङ्खिक र यौन अल्पसंख्यकहरू लगायत सीमान्तकृत समुदायका किशोर र युवाहरूलाई हानिकारक सामाजिक र लैंगिक मान्यताहरू विरुद्ध बोल्न र स्थानीय स्तरमा लैङ्खिक हिंसा रोक्न प्रोत्साहन दिनेछ।

**५. बृहत यौनिकता शिक्षा कोषको आवेदन फ्mारम बारे कसरी थाहा पाउन सकिन्छ ?**

बृहत यौनिकता शिक्षा कोषको  आवेदन फ्mाराम अनलाइन बाट उपलब्ध गराइन्छ । त्यसको लागि तपाईहरुले मेरी स्टोप्स्को वेबसाइट (https://www.mariestopes.org.np), रकेट एण्ड स्पेसको वेबसाइट (http://rocketsandspace.com) अथवा मेरी स्टोप्स् नेपालको फ्mेसबुक र रकेट एण्ड स्पेसको फेस्बुक  पेज माफ्mत पनि थाहा पाउन सक्नहनेछ । मेरी स्टोप्स्को जिल्लामा रहेको कार्यलयबाट पनि फारम  लिन सक्नुहुनेछ ।

**६. Innovation fund को लागि कसले आवेदन दिन सक्नहनेछ**

युवा नेतृत्वमा रहेको संगठन, स्थानीय युवा क्लब, स्कूल क्लब, स्थानीय किशोर किशोरीह समूहहरु जसले युवा, महिला, **LGBTI** र अपाङ्खगता भएका व्यक्तिहरुको  यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, यौनिकता शिक्षा,लिङ्खमा आधारित हिंसा ,लैङ्खिक ‘समानता र महिला सशक्तिकरणमा काम गरिरहेको छ ।

**७. बृहत यौनिकता शिक्षा कोषको  लक्षित समूह**

**प्रत्यक्ष लाभार्थीहरू**

- स्कूल भित्र र स्कूल बाहिरका किशोरकिशोरीहरू
- LGBTI समुदायका व्यक्तिहरु

- अपाङ्खगता भएका व्यक्तिहरु
- एच आई भी भएका व्यक्तिहरु
- सीमान्तकृत समुदायका युवा, महिला र किशोरकिशोरीहरु

**सरोकारवालाहरु**

- स्थानीय सरकार
- अभिभावक, शिक्षक, धार्मिक नेताहरू
- विद्यालय व्यवस्थापन समिति
- अभिभावक शिक्षक संघ
- स्थानीय युवा क्लब सदस्यहरू

**८. बृहत यौनिकता शिक्षा कोषको आवेदन फाराम  कसरी बुझाउन सकिन्छ ?**

बृहत यौनिकता शिक्षा कोषको आवेदन फाराम **Google Doc** मा हनेछ ।उक्त  **Google doc** को लिन्कमा  (https://forms.gle/voYAkyyP9QeGQWNQ7) गएर त्यहाँ सोधिएका प्रश्नहरुको उत्तर भरेर अन्तिममा  **SUBMIT** मा गएर क्लिक गर्नुहोस । **Internet** को पहुच नभएकाहरुले मेरी स्टोप्स्को जिल्लामा रहेको कार्यलयमा गएर पनि बुझाउन सक्नुहुनेछ ।

**९ . आवेदन छानिने मापदण्डहरु**

- आफ्नो कार्यक्रम मार्फत किशोरकिशोरी , यवाहरु, अपाङ्खगता भएका व्यक्ति, लैङ्खिक र यौन अल्पसंख्यकहरू लगायत सीमान्तकृत समुदायमा पुग्न सक्ने ।
- ड्दर्ता भएका वा नभएका संस्थाहरू , क्लब र समूहहरूले आवेदन दिन सक्नेछन्। यद्यपि दर्ता भएका संगठनलाई बढी प्राथमिकता दिइनेछ।
- ड्यौन र प्रजनन स्वास्थ्य वा बृहत यौनिकता शिक्षामा काम गरिरहेको हुनुपर्ने ।
- ड्सबै उल्लेखित कागजात पेश गर्नुपर्नेछ ।

**१०. हाम्रो कार्यक्रम  CSE Innovation Fund मा छानिएको बारे कसरी थाहा पाउन सकिन्छ ?**

हामी यस बारे हाम्रो मेरी स्टोप्स्को वेबसाइट , रकेट एण्ड स्पेसको वेबसाइट अथवा मेरी स्टोप्स् नेपालको फेसबुक  पेज , रकेट एण्ड स्पेसको फेसबुक  पेज मर्फत  जानकारी दिन्छौं अथवा प्रत्यक्ष टेलिफोन सम्पर्क पनि गर्नेछौं ।

**११ . CSE Innovation Fund को आवेदन फारामको  समय अबधि कति हनेछ ?**

CSE Innovation Fund को आवेदन असोज २ गते **(September 18)** बेलुका ११ :५९  बजे सम्म बुझाईसक्नु  पर्नेछ ।

**१२.  CSE Innovation Fund को रकम कति रहनेछ ?**

समुदाय स्तरमा बृहत यौनिकता शिक्षालाई पदोन्नतिको लागि आएका आवेदनको आधारमा आवेदकलाई ५०००० देखि १०००००  सम्म प्रदान गरिनेछ । सस्थां चयन भएपछि ,यसको लागि मेरी स्टोप्स् नेपालले चयन भएको संस्थासंग समझदारी पत्रमा हस्ताक्षर गर्नेछ ।

**१३ .  CSE Innovation Fund अन्त्तगतको कार्यक्रम कति समय अवधिमा सक्नपर्ने छ ?**

यस Fund को कार्यान्वयन् गर्नलाई ४ महिनाको अवधी हुनेछ । समय अवधीलाई ध्यान पुर्याएर योजना बनाउनु उपयुक्त हुनेछ ।

**१४. अन्य संलग्न गर्नु पर्ने अनिवार्य कागजातहरुः**

- संस्थाको दर्ताको प्रमाणपत्र
- संस्था नविकरण गरेको निस्सा
- संचालक समितिका पदाधिकारीको नामावली
- संस्थाको बैक खाताको विवरण